# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम

# २०८२ माघ, फागुन र चैत्र महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु (स्वतः प्रकाशन) को विवरण




स्थानीय सरकार

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

झ्यालबास, नवलपरासी ९वर्दघाट सुस्ता पूर्व०

गण्डकी प्रदेश, नेपाल

स्थापना २०७३

## १. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी (ब.सु.पू.) को स्वरुप र प्रकृतिः

नेपालको संविधान तथा संविधानको अनुसूची ८ र ९ मा उल्लेख भएको स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि नीती, योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन गर्ने तथा संघ प्रदेश र स्थानीय तह बीचको सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्दे जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

## २. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी (ब.सु.पू.) को काम, कर्तव्य र अधिकारः

हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी(ब.सु.पू.) को काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ ।

- ❖ गाउँपालिकाको एकल अधिकार नेपालको संविधानको अनुसुची-८ मा उल्लेख भए बमोजिम हुने।
- ❖ गाउँपालिकाले संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार नेपालको संविधानको अनुसुची-९ मा उल्लेख भए बमोजिम हुने ।
- ❖ भूमि व्यवस्थापन, सञ्चार सेवा, यातायात सेवा, लघु, घरेलु तथा साना उद्योग सम्बन्धी कार्य गर्ने।
- ❖ गाउँपालिकाको आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने ।
- ❖ प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनि सम्बन्ध कायम गर्न सक्ने।

## ३. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी(ब.सु.पू.) मा कार्यरत कर्मचारी संख्या र कार्य विवरणः

**कर्मचारी संख्या**

नेपाल सरकारबाट स्वीकृत गाउँपालिकाको कूल स्थायी दरबन्दी संख्याः ३१

गाउँपालिकामा कार्यरत कूल स्थायी कर्मचारी संख्याः २६

संघीय सशर्त कार्यक्रम कार्यान्वयनका लागि विषयगत शाखामा कार्यरत करार कर्मचारी संख्याः१४

गाउँपालिकामा करारमा कार्यरत अन्य कर्मचारी संख्याः २७

**<u>कार्यरत कर्मचारी विवरण</u>**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | १ जना |
| क. आर्थिक प्रशासन शाखा | |
| वरिष्ठ लेखा अधिकृत, आठौं | १ जना |
| लेखापाल, सहायकस्तर पाँचौ | १ जना |
| ख. प्रशासन, योजना तथा अनुगमन शाखा | |
| अधिकृतस्तर सातौं | २ जना |
| सहायकस्तर चौथो | १ जना |
| सहायक कम्प्युटर अपरेटर, चौथो | १ जना |
| नगर प्रहरी हवलदार | १ जना |
| नगर प्रहरी जवान | ५ जना |
| कार्यालय सहयोगी | ५ जना |
| सरसफाई कर्मचारी | २ जना |
| ग. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | |
| ईन्जिनियर, अधिकृतस्तर सातौं | १ जना |
| ईन्जिनियर, अधिकृत छैठौं | १ जना |
| सिनियर सव ईन्जिनयर, छैठौं | १ जना |
| सव इन्जिनियर पाँचौं | ३ जना |
| असिष्टेण्ट सव ईन्जिनियर | १ जना |
| खा.पा.स.टे. पाँचौ | १ जना |
| अमिन, सहायक चौथो | १ जना |
| घ. सामाजिक तथा आर्थिक विकास शाखा | |
| रोजगार संयोजक, अधिकृत छैठौं | १ जना |
| स.म.वि.नि. पाँचौं | १ जना |
| रोजगार सहायक, पाँचौं | १ जना |
| एम आई एस अपरेटर पाँचौं | १ जना |
| मनोसामाजिक परामर्शकर्ता, पाँचौं | १ जना |
| फिल्ड सहायक चौथो | २ जना |
| उद्यम विकास सहजकर्ता चौथो | २ जना |

| | |
|---|---|
| पोषण स्वयंसेवक | १ जना |
| ङ. शिक्षा, युवा तथा खेलकूद शाखा | |
| गाउँ शिक्षा अधिकृत | १ जना |
| शिक्षा अधिकृत, अधिकृतस्तर सातौं | १ जना |
| श्रोत शिक्षक | १ जना |
| तथ्याङ्क व्यवस्थापक | १ जना |
| च. स्वास्थ्य शाखा | |
| सि.अ.हे.व. छैठौं | २ जना |
| सि.अ.न.मि. छैठौं | १ जना |
| छ. सूचना तथा संचार प्रविधि शाखा | |
| सूचना प्रविधि अधिकृत सातौं | १ जना |
| ज. कृषि तथा पशु सेवा शाखा | |
| पशु विकास अधिकृत, छैठौं | १ जना |
| प्रा.स. पाँचौं | १ जना |
| ना.प्रा.स. चौथो | १ जना |
| ना.प.से.प्रा. चौथो | १ जना |
| ना.प.स्वा.प्रा. चौथो | १ जना |
| झ. आन्तरिक लेखा परीक्षण शाखा | |
| सहायक आ.ले.प. अधिकृत छैठौं | १ जना |
| ञ. कानूनी मामिला ईकाई | |
| न्यायिक सहजकर्ता, अधिकृतस्तर सातौं | १ जना |
| स्थानीय मेलमिलापकर्ता, सहायक चौथो | १ जना |

## ४. हुप्सेकोट गाउँपालिका, झ्यालबास, नवलपरासी(ब.सु.पू.) बाट प्रदान गरिने सेवाः

- ❖ स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि नीति, योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्याङ्कन गर्ने तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

- योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास, शिक्षा, युवा तथा खेलकूद, स्वास्थ्य, कृषि तथा पशुसेवा शाखा, सूचना तथा संचार प्रविधि इकाई, कानूनी मामिला इकाई, राजश्व इकाई, महिला बालवालिका तथा समाजकल्याण इकाई, रोजगार सेवा केन्द्र, सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई, उद्योग सहकारी तथा व्यवसाय प्रवर्द्धन ईकाइ जस्ता विभिन्न विषयगत शाखा/इकाई तथा केन्द्रहरुबाट प्रचलित ऐन कानून बमोजिम गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका योजना/कार्यक्रम एवं सेवा प्रवाह सम्बन्धी कार्यहरु संचालन गर्ने ।

## ५. स्वीकृत दरबन्दी अनुसार सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः

प्रशासन योजना तथा अनुगमन शाखाः अधिकृतस्तर सातौं
आर्थिक प्रशासन शाखाः अधिकृतस्तर आठौं
पूर्वाधार विकास तथा वातावरण व्यस्थापन शाखाः ईन्जिनियर सातौं
सामाजिक तथा आर्थिक विकास शाखाः अधिकृतस्तर सातौं
शिक्षा, युवा तथा खेलकूद शाखाः अधिकृतस्तर सातौं
स्वास्थ्य शाखाः सि.अ.हे.व. छैठौं
कृषि तथा पशु सेवा शाखाः अधिकृतस्तर छैठौं

## ६. सेवा प्रास गर्न लाग्ने दस्तुर र अवधिः

यस कार्यालयबाट प्रदान गरिने सेवाको शुल्क सम्बन्धमा हुप्सेकोट गाउँपालिकाको आ.व. २०८२/८३ को आर्थिक ऐनमा उल्लेख भए बमोजिम हुनेछ र सेवा प्रवाह सेवाको प्रकृति हेरी तुरुन्तै वा तोकिएको समयावधिमा हुनेछ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

नीतिगत निर्णयहरु गाउँकार्यपालिकाको बैठक तथा गाउँसभाको बैठकबाट, प्रशासनिक निर्णय कार्यालय प्रमुख स्तरीय निर्णयबाट हुने र निर्णय गर्ने अधिकारी प्रशासनिक निर्णयको हकमा कार्यालय प्रमुख हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

प्रशासनिक निर्णय उपर उजुरी सुन्ने अधिकारी कार्यालय प्रमुख हुने ।

## ९. आर्थिक वर्ष २०८२/८३ को माघ देखि चैत्रसम्म तीन महिनाको अवधिमा कार्यालयबाट सम्पादित मुख्य मुख्य कामको विवरणः

- ❖ २०८२ माघ देखि चैत्र सम्म, गाउँकार्यपालिकाको ६ वटा बैठक तथा राजश्व परामर्श समितिको ३ वटा वैठक सम्पन्न हुनुका साथै ७८४ वटा चिठ्ठीपत्रहरु दर्ता तथा ४१४ वटा चिठ्ठीपत्रहरु चलानी भएका ।
- ❖ शिक्षा युवा तथा खेलकूद शाखा तर्फ तपशिल बमोजिमका कार्यहरु सम्पन्न भएका छन् ।

**क.हुप्सेकोट गाउँपालिकाका सामुदायिक विद्यालयका शिक्षकहरुलाई आधारभूत कम्प्युटर तालिम कार्यक्रम (मितिः २०८२।१०।२१ देखि २५ सम्म)**

हुप्सेकोट गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षकहरूको सूचना तथा सञ्चार प्रविधि (ICT) सम्बन्धी ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्ने उद्देश्यले आधारभूत कम्प्युटर तालिम कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त तालिम कार्यक्रममा

- ➢ कम्प्युटरको आधारभूत ज्ञान,
- ➢ Microsoft Office (Word, Excel, PowerPoint) को प्रयोग,
- ➢ इन्टरनेट तथा इमेलको प्रभावकारी उपयोग,
- ➢ डिजिटल शिक्षण सामग्री तयारी,
- ➢ विद्यालय व्यवस्थापनमा ICT को प्रयोग सम्बन्धी विषयहरू समेटिएको थियो।

तालिमले शिक्षकहरूको प्रविधिमैत्री शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन सहयोग पुऱ्याउने विश्वास लिइएको छ। साथै सहभागी शिक्षकहरूले सिकेका सीपहरू कक्षाकोठामा व्यवहारिक रूपमा प्रयोग गर्ने प्रतिबद्धता समेत जनाउनु भएको छ।

ख. **शिक्षा युवा तथा खेलकुद शाखा र स्कुल अफ ननभ्वाइलेन्स इनकर्पोरेसनको सहयोगमा शैक्षिक रुपान्तरणका लागि सामाजिक भावनात्मक शिक्षा सम्बन्धमा प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम (मितिः २०८२/१०/२३ देखि २५ सम्म)**

हुप्सेकोट गाउँपालिका भित्रका शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि गर्दै शैक्षिक रुपान्तरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्कुल अफ ननभ्वाइलेन्स इनकर्पोरेसनको सहयोगमा सामाजिक भावनात्मक शिक्षा (Social Emotional Learning - SEL) सम्बन्धी प्रशिक्षक प्रशिक्षण (Training of Trainers) तालिम कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त तालिम कार्यक्रममाः

- सामाजिक भावनात्मक शिक्षाको अवधारणा र महत्व,
- आत्मचेतना, आत्मनियन्त्रण तथा सहानुभूति विकास,
- सकारात्मक व्यवहार व्यवस्थापन,
- शान्तिपूर्ण तथा समावेशी कक्षाकोठा निर्माण,
- सिकाइमा भावनात्मक पक्षको समायोजन,
- प्रशिक्षकका रूपमा ज्ञान हस्तान्तरण गर्ने सीप विकास जस्ता विषयहरू समेटिएका थिए।

तालिम पश्चात सहभागी शिक्षकहरूले आफ्ना विद्यालयहरूमा अन्य शिक्षकहरूलाई समेत प्रशिक्षण प्रदान गरी सामाजिक भावनात्मक शिक्षालाई संस्थागत गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ। यस कार्यक्रमले विद्यालयमा सकारात्मक, सुरक्षित तथा सहयोगी सिकाइ वातावरण निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा समेत गरिएको छ।

**ग. हुप्सेकोट गाउँपालिकाका सामुदायिक र संस्थागत विद्यालयका इमिस फोकल शिक्षकहरुलाई अभिमुखीकरण कार्यक्रम (मितिः २०८२।१०।२९गते)**

कक्षा ८ को वार्षिक परीक्षाको लागि विद्यार्थीको विवरण सम्पादन, परीक्षा आवेदन, प्रवेश पत्र, प्रयोगात्मक प्राप्ताङ्क इन्ट्रि सम्बन्धि Web Base IEMIS मा विवरण व्यवस्थापन तथा विद्यालयको शिक्षक, विद्यार्थी तथ्याङ्क सत्यापन समेतका लागि हुप्सेकोट गाउँपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कार्यरत इमिस (EMIS) फोकल शिक्षकहरूको क्षमता अभिवृद्धि तथा शैक्षिक तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममाः

- कक्षा ८ का विद्यार्थीको विवरण सम्पादन, परीक्षा आवेदन, प्रवेश पत्र, प्रयोगात्मक प्राप्ताङ्क इन्ट्रि तरिका,
- विद्यार्थी, शिक्षक तथा विद्यालय सम्बन्धी तथ्याङ्क प्रविष्टि गर्ने विधि,
- तथ्याङ्क अद्यावधिक, प्रमाणीकरण तथा रिपोर्टिङ प्रक्रिया,
- तथ्याङ्कको शुद्धता, विश्वसनीयता तथा समयमै अद्यावधिक गर्ने उपायहरू जस्ता विषयहरू समेटिएका थिए।
- कार्यक्रमले इमिस फोकल शिक्षकहरूलाई विद्यालय स्तरमा तथ्याङ्क व्यवस्थापनलाई थप व्यवस्थित, विश्वसनीय र प्रविधिमैत्री बनाउन महत्वपूर्ण भूमिका खेलको छ। साथै

सहभागीहरूले नियमित रूपमा तथ्याङ्क अद्यावधिक गरी शैक्षिक व्यवस्थापनमा प्रभावकारी उपयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भएको छ।

**घ. करुणादायी नेतृत्व तथा भावनात्मक बुद्धिमत्ता सम्बन्धी तालिम कार्यक्रम सम्पन्न (मितिः २०८२।१२।१५ देखि १६ गतेसम्म)**

हुप्सेकोट गाउँपालिका भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको नेतृत्व क्षमता अभिवृद्धि गर्दै विद्यालयको समग्र शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले स्कुल अफ ननभ्वाइलेन्स इनकर्पोरेसनको सहयोगमा करुणादायी नेतृत्व (Compassionate Leadership) तथा भावनात्मक बुद्धिमत्ता (Emotional Intelligence) सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ। उक्त तालिम कार्यक्रममाः

- करुणादायी नेतृत्वको अवधारणा र व्यवहारिक प्रयोग,
- भावनात्मक बुद्धिमत्ताको विकास र यसको नेतृत्वमा भूमिका,
- विद्यालय व्यवस्थापनमा सहानुभूति, संवाद तथा सहयोगात्मक संस्कृतिको प्रवर्द्धन,
- तनाव व्यवस्थापन तथा सकारात्मक कार्य वातावरण निर्माण,
- प्रभावकारी निर्णय क्षमता र टोली व्यवस्थापन जस्ता विषयवस्तुहरू समेटिएका थिए।

तालिमले प्रधानाध्यापकहरूलाई विद्यालयमा सकारात्मक नेतृत्व विकास, शिक्षक तथा विद्यार्थीबीच सहयोगात्मक सम्बन्ध सुदृढीकरण तथा समावेशी र प्रेरणादायी सिकाइ वातावरण निर्माण गर्न सक्षम बनाउने अपेक्षा गरिएको छ। साथै सम्पूर्ण प्रधानाध्यापकहरूले आँफूले सिकेका सीप तथा ज्ञानलाई विद्यालय स्तरमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ।

**ङ. विद्यालयको स्तरीकरण र गुणस्तर अभिवृद्धिका लागि कक्षा ५ को गाउँपालिका स्तरीय स्तरमापन परीक्षा सम्पन्न (मिति २०८२।१२।०७)**

हुप्सेकोट गाउँपालिका भित्रका विद्यालयहरूको स्तरीकरण तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले कक्षा ५ का विद्यार्थीहरूका लागि गाउँपालिका स्तरीय स्तरमापन परीक्षा सञ्चालन गरिएको थियो। उक्त परीक्षा निर्धारित मिति अनुसार मर्यादित, व्यवस्थित तथा निष्पक्ष रूपमा सम्पन्न भएको थियो। परीक्षा सञ्चालनका क्रममा आवश्यक समन्वय, अनुगमन तथा व्यवस्थापन कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गरिएका थिए। स्तरमापन

परीक्षाबाट प्राप्त नतिजाले विद्यार्थीहरूको सिकाइ उपलब्धि मापन, विद्यालयबीचको शैक्षिक अवस्था तुलना तथा सुधारका लागि आवश्यक क्षेत्र पहिचान गर्न महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ। साथै यसले विद्यालयको गुणस्तर अभिवृद्धि तथा शैक्षिक योजना निर्माणमा समेत सहयोग पुऱ्याउनेछ।

**च. कक्षा ८ को गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा सम्पन्न भई नतिजा समेत प्रकाशित भएको (परीक्षा सञ्चालन मितिः २०८२।१२।०८ देखि १६ सम्म र नतिजा प्रकाशन मितिः २०८२।१२।२६ गते)**

हुप्सेकोट गाउँपालिका भित्रका विद्यालयहरूमा अध्ययनरत कक्षा ८ का विद्यार्थीहरूका लागि गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा सफलतापूर्वक सञ्चालन गरिएको छ। उक्त परीक्षा निर्धारित तालिका अनुसार मर्यादित, व्यवस्थित र निष्पक्ष रूपमा सम्पन्न भएको थियो। परीक्षा सञ्चालनका क्रममा आवश्यक समन्वय, अनुगमन तथा व्यवस्थापन सम्बन्धी कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गरिएका थिए।

परीक्षा सम्पन्न भएपछि उत्तरपुस्तिका कोडिङ, उत्तरपुस्तिका परीक्षण, अंकन तथा डिकोडिङ कार्यहरू समयमै सम्पन्न गरी इमिसमा तथ्याङ्क समेत प्रविष्ट गरी नतिजा प्रकाशन गरिएको छ। यस प्रक्रियाले विद्यार्थीहरूको शैक्षिक उपलब्धि मापन, विद्यालयको शैक्षिक अवस्था विश्लेषण तथा आगामी शैक्षिक सुधारका लागि आवश्यक आधार तयार गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

**छ. अनौपचारिक शिक्षा, साक्षरता लगायत हुप्सेकोट गाउँपालिकाको समग्र शैक्षिक तथ्याङ्क सङ्कलनमा खटिनु हुने गणकहरुको लागि अभिमुखीकरण कार्यक्रम मितिः २०८२।१२।१७)**

हुप्सेकोट गाउँपालिकाको अनौपचारिक शिक्षा, साक्षरता अवस्था तथा समग्र शैक्षिक तथ्याङ्क अद्यावधिक गर्ने उद्देश्यले तथ्याङ्क सङ्कलन कार्यमा खटिने गणक (Enumerators) हरूका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। उक्त अभिमुखीकरण कार्यक्रममाः

- तथ्याङ्क सङ्कलनको उद्देश्य र महत्व,
- प्रयोग हुने फाराम तथा उपकरणहरूको सही प्रयोग,
- घरधुरी तथा विद्यालय स्तरमा तथ्याङ्क सङ्कलन विधि,

- तथ्याङ्कको विश्वसनीयता, शुद्धता र गोपनीयता कायम गर्ने तरिका,
- फिल्ड कार्य सञ्चालनका व्यवहारिक पक्षहरू जस्ता विषयहरू समेटिएका थिए।

कार्यक्रमले गणकहरूलाई प्रभावकारी र व्यवस्थित रूपमा तथ्याङ्क सङ्कलन कार्य सञ्चालन गर्न सक्षम बनाएको छ। यसबाट प्राप्त तथ्याङ्कले गाउँपालिकाको शैक्षिक योजना निर्माण, नीति तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा महत्वपूर्ण आधार प्रदान गर्ने अपेक्षा गरिएको छ।

**ज. विभिन्न समयमा विद्यालयहरुको नियमित अनुगमन, सुपरिवेक्षणका साथसाथै शिक्षकको पेशागत सहयोग प्रदान गरिएको छ।**

- कृषि शाखा तर्फ, कृषि प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत कृषकहरु सगँ माग संकलन गरि कृषक हरुको माग बमोजिमका विभिन्न कृषि उपकरण, औजारहरु ५०% अनुदानमा वितरण कार्य सम्पन्न भएको, विषादि सचेतना कार्यक्रम अन्तर्गत मिति २०८२/१०/२० गते गाउँपालिकाको सभाहलमा १०३ जना कृषकहरुको सहभागितामा सम्पन्न भएको, व्यवसायिक तरकारी खेती विकास कार्यक्रम अन्तर्गत विभिन्न लहरेजातका तरकारीहरु (लौका,करेला,सिमि,बोडि,भिण्डि) को बीउ कृषकको माग बमोजिम ५०% अनुदानमा वितरण गरिएको, आ.व २०८१/०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम अन्तर्गत हुप्सेकोट गाउँपालिका वडा नं ४ चारघरेमा स्थापना गरिएको सुन्तला जात पकेट निरन्तनरता कार्यक्रम कार्यान्वयनको क्रममा रहेको, साना सिंचाई प्रवर्द्धन कार्यक्रम अन्तर्गत सिँचाई योजना छनोट भई सम्झौता गरि कार्यान्वयनको क्रममा रहेको, मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत विपन्न लक्षित पशुपालन तथा नगदेबाली कार्यक्रम मिति २०८२/१०/०४ गते सम्झौता भई कार्यान्वयनको क्रममा रहेको, मकै बालीमा देखीएको अमेरिकन फैजी किरा लागाएत अन्य समस्याहरुको व्यवस्थापनको लागि कृषकहरुको खेतबारीको अवलोकन साथै निवारणका उपायहरु बारेमा जानकारी प्रदान गरिएको ।
- पशु सेवा शाखा तर्फ, मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमको सम्झौता भई सोको लागि सम्बन्धित वडाका कृषक/समूहहरुसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिएको, वडा नं ५ को दुर्लुङ्गामा निःशुल्क पशु स्वास्थ्य शिविर, वडा नं १,२,३ र ४ मा ११० वटा पशुहरुमा निःशुल्क घरदैलो थुनेलो तथा बाँझोपन उपचार साथै ११० वटा कुकुरहरुलाई रेबिज विरुद्धको खोप लगाईएको, वडा नं ५ र ६ का करिब २५० बाखाहरुमा लागेको आकस्मिक रोगको उपचार, वडा नं २,४,५ र ६ मा पशुपालन तालिम सम्पन्न गरिएको ।

- पूर्वाधार शाखा तर्फ, संघीय र प्रदेश सरकारका विशेष तथा समपूरक अनुदान साथै गाउँपालिकाबाट विनियोजित बजेटबाट संचालित हुने योजनाहरुको ठेक्का बन्दोबस्तको कार्य पश्चात् सम्झौता भै कार्य भैरहेको, योजना तथा अनुगमन शाखा तर्फ, तीन महिनाको अवधिमा ४५ वटा योजना सम्झौता भएको, ८ वटा योजना सम्पन्न भई भुक्तानी भईसकेको र संचालित विभिन्न योजनाहरुको निरन्तर अनुगमन कार्य गरिनुका साथै व्यवसाय दर्ता ईकाई तर्फ १० वटा नयाँ व्यवसाय दर्ता, २ वटा व्यवसाय नामसारी, ८ वटा व्यवसाय खारेजी तथा ४५ वटा व्यवसाय नवीकरण गरिएको।
- खानेपानी तथा सरसफाई शाखा तर्फ, खानेपानी/सरसफाई अभिमुखीकरण १ दिने तालिम ५ स्थानमा संचालन गरिएको जसमा १४० जना सहभागी भएका, खा.पा.सु.योजना (WSP) सम्बन्धी २ दिने तालिम देउराली हुप्सेकोट सहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था र कुमाल्दी, बिरुखर्क साँढाभञ्याङ खानेपानी योजना वडा, नं ६ मा सन्चालन सम्पन्न गरिएको, कुमाल्दी खानेपानी योजना ठेक्का सम्झौता भई निर्माण ब्यबसायी छनोट भै काम सुचारु भएको, बिरुखर्क,साड़ाभंझाङ अधुरो खानेपानी योजनामा ४४ वटा मिटर सहितको खानेपानीको धारा निर्माण सम्पन्न, ४ वटा खानेपानी योजनाहरुको निर्माण कार्य सम्पन्न गरिनुका साथै कार्यान्वयनमा रहेका बाँकी खानेपानी योजनाहरुको अनुगमन गरि निर्माण काम अगाडि बढाईएको |
- स्वास्थ्य शाखा तर्फ, तीन महिनाको अवधिमा देहायअनुसारका कार्यक्रमहरु सम्पन्न भएका छन्।

| क्र.स. | कार्यक्रम | माघ | फाल्गुन | चैत्र | जम्मा |
|---|---|---|---|---|---|
| १ | VIA जांच | १५४ | ८ | १२ | १७४ |
| २ | मधुमेह जांच मासिक २१ गते | १५० | १६१ | १७१ | ४८२ |
| ३ | ग्रामिण Altasound ANC परिक्षण | ७ | ५ | ८ | २० |
| ४ | विशेषज्ञ Altasound परिक्षण | २० | १९ | २३ | ६२ |
| ५ | बिमा सेवा | ५२२ | ६३२ | ७१० | १८६४ |
| ६ | बिमा रेफर | ५० | ७१ | ७९ | २०० |
| ७ | सुत्केरी (delivery) सेवा | ७ | ६ | ४ | १७ |
| ८ | ANC Any Time | २७ | ३९ | २२ | ८८ |
| ९ | ANC Protocal अनुसार | १५ | १३ | १७ | ४५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | ANC Protocal(८) अनुसार | १९ | ११ | १३ | ४३ |
| १२ | पूर्ण खोप | ३८ | २९ | ३३ | १०० |
| १३ | सुरक्षित गर्भपतन सेवा | १८ | १३ | १४ | ४५ |
| १४ | क्षयरोगका नया बिरामी | ६ | ३ | ६ | १५ |
| १५ | पोषण सेवा | ७३ | ६५ | ३३ | १७१ |
| १७ | दैनिक उपचार संख्या | १४९५ | १२०० | १७५७ | ४४५२ |
| १८ | छोरीको सुनौलो भविष्य कार्यक्रम बाट रु.५०००/-पाउने | २५ | ० | १० | ३५ |
| १९ | सुत्केरी स्याहार पोषण खर्च बापत रु.५०००/ पाउने | १० | ७ | १५ | ३२ |
| २० | ग र घ वर्ग को स्वास्थ्य बिमा | ० | ० | १७ | १७ |
| २१ | असहाय स्वास्थ्य बिमा | ० | ० | ७ | ७ |
| २६ | आयुर्बेद सेवा केन्द्रको सेवा | १४५ | १०५ | १५३ | ४०३ |
| २७ | आँखा उपचार सेवा केन्द्रको सेवा | १८२ | १०३ | १३५ | ४२० |
| २८ | बिपन्न उपचार सिफारिस | १ | १ | ६ | ८ |
| २९ | क्यान्सर,मृगौला,मेरुदण्ड उपचार खर्च पाउने | ० | ० | ७१ | ७१ |
| ३० | Implant सेवा | ११ | ६ | ४ | २१ |
| ३१ | प्रयोगशाला जांच | ५४६ | ३८० | ५८० | १५०६ |

- महिला विकास शाखा तर्फ, पितृसत्तात्मक समाजमा विद्यमान सासू बुहारी बीचको दूरीलाई कम गर्दै बुहारीलाई घरको महत्वपूर्ण सदस्यको रुपमा स्थापित गराउनु र महिलाका समस्या विरुद्ध एकजुट हुन सिकाउने उद्धेश्यले हुप्सेकोट गाउँपालिका वडा न.२ गुहेरीका ३१ जना महिलाहरुलाई सासु-बुहारी अन्तरक्रिया कार्यक्रम संचालन तथा लैंगिक समानताका पक्षमा पुरुष सहभागिता बढाउन साथै पुरुष सहभागिता प्रबर्द्धन गरी पारिवारिक सामुदायिक सकारात्मक कार्यहरुलाई बढावा दिने उद्धेश्यले हुप्सेकोट गाउँपालिकाको वडा नं १ मा सशक्तीकरण सहकार्यका लागि महिला पुरुष समविकास कार्यक्रम संचालन गरियो।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ, गाउँपालिका र रोजगार कार्यक्रमको साझेदारीमा संचालन गरिने ५ वटा योजना जसमा वडा नं २, ४ र ५ मा १ क्रमश १, २ र २ वटा योजना सम्झौता गरि योजना सञ्चालनमा रहेका, वैदेशिक रोजगारीमा गई मृत्यू भएका २ जना र विरामि पर्नु भएका १ जना व्यक्तिको वैदेशिक रोजगार बोर्ड बाट प्राप्तहुने वैदेशिक सहायता प्राप्तिका लागि वैदेशिक रोजगार बोर्डमा सिफारीस गरि पठाईएको, पुनः श्रम स्वीकृतिको लागि

२७ जना सेवाग्राहीलाई सहजिकिकरण गरिएको, आगामी आ.व. २०८३/०८४ का लागि बेरोजगार व्यक्तिको निवेदन संकलनको लागि सबै वडामा पत्रचार गरि फारम संकलनको कार्य संचालन भईरहेको, समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम १० स्थानमा सञ्चालन र विभिन्न कार्यक्रमहरुमा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको ।

- बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ, पोषण तथा खाद्य सुरक्षा सहजिकरण तथा कार्यान्वयन समितिको बैठक ६ वटै वडामा सम्पन्न, किशोरी तथा सुनौलो १००० दिनको आमाहरुलाई करेसाबारी निर्माण सम्बन्धी तालिम एवं उन्नत बीउविजन वितरण कार्य वडा १ सुन्दरबस्ती, वडा नं २ गुहेरी , र वडा नं ४ झाँतेमा सम्पन्न, विपन्न सुनौलो हजार दिनको महिलाहरुलाई पोषण सुधारका लागि आयआर्जन अनुदान कार्यक्रमको अनुगमन सुत्केरी स्याहार पोषण खर्च पौष देखी चैत्र सम्म ४४ जना र साउन देखी चैत्र सम्म ९८ जनालाई प्रदान गरिएको ।
- तीन महिनाको अवधिमा न्यायिक समितिको ३ वटा मासिक बैठक, ९ वटा उजुरी दर्ता भएकोमा गाउँपालिकमा इजलास बसेको संख्या ७ पटक र वडामा २ पटक मेलमिलाप गरी ७ वटा उजुरीहरु माथि सहमति गराई उक्त उजुरीहरुको सम्वन्धमा न्यायिक समितिबाट ४ वटा आन्तिम आदेश जारी गरी अभिलेखिकरण गरिएको साथै मेलमिलाप केन्द्र व्यवस्थापनका लागि २ पटक स्थलगत अवलोकन गरि जिन्सी खरिदको लागि प्रक्रिया अगाडी बढाइएको र यस अवधिमा ४७ जना सेवाग्रहरुलाई २४ पटक कानुनी परामर्शा प्रदान गरि यस कार्यालय अन्तरगतका विभिन्न शाखाहरु संग सम्वन्धित ३ वटा कार्यविधिहरु निर्माण तथा राजपत्र प्रकाशनमा सहजीकरण गरिएको ।

## १०. प्रवक्ता, सूचना अधिकारी र प्रमुखको नाम र पदः

| | |
|---|---|
| प्रवक्ताः रेवती सारु | पदः कार्यपालिका सदस्य |
| सूचना अधिकारीः राजेन्द्र प्रसाद रेग्मी | पदः वरिष्ठ लेखा अधिकृत (अधिकृतस्तर आठौं) |
| कार्यालय प्रमुखः बेदहरि अधिकारी | पदः प्रमुख प्रशासकीय अधिकृत (रा.प.तृतीय) |

## ११. कार्यालयको कार्यसंचालनमा प्रयोग हुने ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन २०७४
- सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४

- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- गाउँपालिकाबाट पारित ऐन, कार्यविधि तथा मापदण्डहरु
- अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु

## १२. २०८२ माघ देखि चैत्र महिनासम्म संकलित आन्तरिक राजश्वको विवरणः

| क्र.सं. | संकलन गर्ने कार्यालय | संकलित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | हुप्सेकोट गाउँपालिका | ७९९३०० | |
| २ | हुप्सेकोट गाउँपालिका, १ नं. वडा कार्यालय | ५६१२०९ | |
| ३ | हुप्सेकोट गाउँपालिका, २ नं. वडा कार्यालय | ४००९३५ | |
| ४ | हुप्सेकोट गाउँपालिका, ३ नं. वडा कार्यालय | ४४०३६० | |
| ५ | हुप्सेकोट गाउँपालिका, ४ नं. वडा कार्यालय | ६९४५७१ | |
| ६ | हुप्सेकोट गाउँपालिका, ५ नं. वडा कार्यालय | १४२३९३ | |
| ७ | हुप्सेकोट गाउँपालिका, ६ नं. वडा कार्यालय | १३६२६४ | |
| | जम्मा | ३१७५०३६ | |

## १३. २०८२ चैत्र महिनासम्मको आम्दानी प्रतिवेदन

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/१२/३०

| क्र.सं. | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | नेपाल सरकार | १३३११ - समानिकरण अनुदान | ९,९८,००,०००.०० | ७,०२,८९,१४०.०० |
| २ | संघीय सरकार | नेपाल सरकार | १३३१२ - शसर्त अनुदान चालु | २२,२६,८०,०००.०० | २१,५६,५४,०००.०० |
| ३ | संघीय सरकार | नेपाल सरकार | १३३१३ - शसर्त अनुदान पुँजीगत | १६,००,०००.०० | १६,००,०००.०० |
| ४ | संघीय सरकार | नेपाल सरकार | १३३१४ - विषेश अनुदान चालु | १,६५,००,०००.०० | ०.०० |
| ५ | संघीय सरकार | नेपाल सरकार | १३३१५ - विषेश अनुदान पुँजीगत | १,९०,००,०००.०० | ०.०० |
| ६ | संघीय सरकार | नेपाल सरकार | १३३१७ - समपुरक अनुदान पुँजीगत | १,५२,००,०००.०० | ०.०० |
| ७ | प्रदेश सरकार | गण्डकी प्रदेश | १३३११ - समानिकरण अनुदान | १,२४,७४,०००.०० | ६२,३७,०००.०० |
| ८ | प्रदेश सरकार | गण्डकी प्रदेश | १३३१५ - विषेश अनुदान पुँजीगत | ४०,००,०००.०० | ०.०० |
| ९ | प्रदेश सरकार | गण्डकी प्रदेश | १३३१७ - समपुरक अनुदान पुँजीगत | ६०,००,०००.०० | ०.०० |
| १० | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | ११४५६ - बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,०७,५९,०००.०० | ६२,०६,१९७.४१ |
| ११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | ११३१५ - घरजग्गा रजिष्टेशन दस्तुर | ४०,००,०००.०० | १५,६८,५८६.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | १४१५७ - बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ७०,००,०००.०० | ०.०० |
| १३ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | ११४११ - बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८,०५,३६,८६९.०० | ४,७६,२८,३७६.२४ |
| १४ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | ११४२१ - बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | २,६८,४५,६२३.०० | २,३०,४०,८३२.६८ |
| १५ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ११३१३ - सम्पती कर | १६,४६,०००.०० | १,३३,२०९.१९ |
| १६ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ११३१४ - भुमिकर/मालपोत | ३०,००,०००.०० | २२,९०,५५९.५३ |
| १७ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ११३१७ - वहाल कर | ७,००,०००.०० | ५,०१,१४४.८० |
| १८ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ११३१८ - वहाल विटौरी कर | २,००,०००.०० | ०.०० |
| १९ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ०.०० | ४०,८२४.०० |
| २० | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ११६९१ - अन्य कर | १,२५,०००.०० | १५,४००.०० |
| २१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २८,०००.०० | ३,२००.०० |
| २२ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ९६,०००.०० | ०.०० |
| २३ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२१८ - विद्युत सेवा शुल्क | ५०,०००.०० | २०,४००.०० |
| २४ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ५,०००.०० |
| २५ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२२१ - न्यायिक दस्तूर | २०,०००.०० | १२,३८०.०० |
| २६ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२२४ - परीक्षा शुल्क | २५,०००.०० | १२,०००.०० |
| २७ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ५०,०००.०० | ६०,६५०.०० |
| २८ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२४२ - नक्सापास दस्तुर | ४,००,०००.०० | १,०४,१४९.२० |
| २९ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२४३ - सिफारिश दस्तुर | २९,५०,०००.०० | २५,७१,८३०.३४ |
| ३० | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ६,००,०००.०० | ११,१९,६५०.०० |
| ३१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२४५ - नाता प्रमाणित दस्तुर | ४,००,०००.०० | ३,१४,८००.०० |
| ३२ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२४९ - अन्य दस्तुर | ५,०००.०० | ५५,३६२.०० |
| ३३ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | ७७,२००.०० |
| ३४ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४२६३ - जलस्रोत सम्बन्धी अन्य दस्तुर | ४५,०००.०० | १५,०००.०० |
| ३५ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ६,५०,०००.०० | ५,७४,१९३.१७ |
| ३६ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४५२९ - अन्य राजस्व | १०,०००.०० | १,५५,५२०.०० |
| ३७ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १४६११ - व्यवसाय कर | ८,००,०००.०० | ४,०५,९२१.०० |
| ३८ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५१११ - बेरूजू | १२,००,०००.०० | १,२०,६९५.०० |
| ३९ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ३२१२२ - बैंक मौज्दात | १,४८,१५,५०८.०० | ०.०० |
| ४० | जनसहभागिता | जन सहभागिता | १३४१२ - अन्य व्यक्तिगत आन्तरिक अनुदान | ६,०६,४८०.०० | ५,०९,५५०.०० |
| जम्मा | | | | ५५,४८,१७,४८०.०० | ३८,१३,४२,७७०.५६ |

## १४. २०८२ चैत्र महिनासम्मको खर्चको फाँटवारीः

| क्र.सं. | खर्च संकेत नं. | खर्च शीर्षक | अन्तिम बजेट | यस महिना सम्मको खर्च | बजेट बाँकी |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ८=(६+७) | ११=(४-८) |
| १ | नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान | | ९,९८,००,०००.०० | २,२३,३०,३९६.०० | ७,७४,६९,६०४.०० |
| १ | २२५२९ | विविध कार्यक्रम खर्च | १,५०,०००.०० | १,५०,०००.०० | ०.०० |
| २ | २२७११ | विविध खर्च | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| ३ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| ४ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | ९०,००,०००.०० | ०.०० | ९०,००,०००.०० |
| ५ | ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १३,००,०००.०० | १,४५,५००.०० | ११,५४,५००.०० |
| ६ | ३११२१ | सवारी साधन | २३,००,०००.०० | ०.०० | २३,००,०००.०० |
| ७ | ३११२२ | मेशिनरी तथा औजार | १,००,०००.०० | ९९,०००.०० | १,०००.०० |
| ८ | ३११४१ | सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| ९ | ३११५१ | सडक तथा पूल निर्माण | ६,२३,००,०००.०० | १,४१,५१,८६५.०० | ४,८१,४८,१३५.०० |
| १० | ३११५३ | विद्युत संरचना निर्माण | १२,००,०००.०० | ४,०४,५४०.०० | ७,९५,४६०.०० |
| ११ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | २,५०,०००.०० | ०.०० | २,५०,०००.०० |
| १२ | ३११५५ | सिंचाई संरचना निर्माण | ५१,२०,०००.०० | २०,०३,५००.०० | ३१,१६,५००.०० |
| १३ | ३११५६ | खानेपानी संरचना निर्माण | १५,००,०००.०० | ३,७२,८७८.०० | ११,२७,१२२.०० |
| १४ | ३११५७ | वन तथा वातावरण संरक्षण | ४,५०,०००.०० | ०.०० | ४,५०,०००.०० |
| १५ | ३११५९ | अन्य सार्वजनिक निर्माण | १,४९,८०,०००.०० | ५०,०३,११३.०० | ९९,७६,८८७.०० |
| १६ | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७,५०,०००.०० | ०.०० | ७,५०,०००.०० |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु : नेपाल सरकार - नगद अनुदान | | १९,९२,००,०००.०० | १४,८४,६८,८८३.८२ | ५,०७,३१,११६.१८ |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १६,८७,४७,०००.०० | १३,४२,६२,४०८.८२ | ३,४४,८४,५९१.१८ |
| २ | २११२१ | पोशाक | ६,३०,०००.०० | २,१६,०००.०० | ४,१४,०००.०० |
| ३ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| ४ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५०,०००.०० | ०.०० | ५०,०००.०० |
| ५ | २२५२२ | कार्यक्रम खर्च | ३०,४३,०००.०० | २,९५,१७५.०० | २७,४७,८२५.०० |
| ६ | २२५२९ | विविध कार्यक्रम खर्च | ६१,८४,०००.०० | १२,६७,०९५.०० | ४९,१६,९०५.०० |
| ७ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,५०,०००.०० | ६,६००.०० | १,४३,४००.०० |
| ८ | २२६१२ | भ्रमण खर्च | ९०,०००.०० | ०.०० | ९०,०००.०० |
| ९ | २२७११ | विविध खर्च | २,२०,०००.०० | ६१,१५०.०० | १,५८,८५०.०० |
| १० | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | १,२७,४७,०००.०० | १,०४,५२,४५५.०० | २२,९४,५४५.०० |
| ११ | २५३१२ | स्वास्थ संस्थाहरूलाई सहायता | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| १२ | २७११२ | अन्य सामाजिक सुरक्षा | ३०,९४,०००.०० | ०.०० | ३०,९४,०००.०० |
| १३ | २७२११ | छात्रवृत्ति | ७,१८,०००.०० | ३,५९,२००.०० | ३,५८,८००.०० |
| १४ | २७२१३ | औषधीखरिद खर्च | १३,८७,०००.०० | ८,८००.०० | १३,७८,२००.०० |
| १५ | २७२१९ | अन्य सामाजिक सहायता | १५,४०,०००.०० | १५,४०,०००.०० | ०.०० |
| ३ | नेपाल सरकार - शसर्त अनुदान चालु : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | २४,८०,०००.०० | ०.०० | २४,८०,०००.०० |
| १ | २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | २४,८०,०००.०० | ०.०० | २४,८०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | २७२१९ | अन्य सामाजिक सहायता | ०.०० | ०.०० | ०.०० |
| ४ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक) | | ५७,००,०००.०० | १६,४८,४४५.०० | ४०,५१,५५५.०० |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ३३,४८,०००.०० | १४,२९,६१०.०० | १९,१८,३९०.०० |
| २ | २२५२९ | विविध कार्यक्रम खर्च | १,९९,०००.०० | ९६,४३५.०० | १,०२,५६५.०० |
| ३ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | १९,०७,०००.०० | १,२२,४००.०० | १७,८४,६००.०० |
| ४ | २७११२ | अन्य सामाजिक सुरक्षा | २,२६,०००.०० | ०.०० | २,२६,०००.०० |
| ५ | २७२११ | छात्रवृत्ति | २०,०००.०० | ०.०० | २०,०००.०० |
| ५ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक) | | १,१६,००,०००.०० | ४२,११,४८५.०० | ७३,८८,५१५.०० |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ६८,५२,०००.०० | ३३,७२,४८५.०० | ३४,७९,५१५.०० |
| २ | २२५२९ | विविध कार्यक्रम खर्च | ४,०३,०००.०० | ५९,०००.०० | ३,४४,०००.०० |
| ३ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ३८,४९,०००.०० | ७,८०,०००.०० | ३०,६९,०००.०० |
| ४ | २७११२ | अन्य सामाजिक सुरक्षा | २,७९,०००.०० | ०.०० | २,७९,०००.०० |
| ५ | २७२११ | छात्रवृत्ति | २,१७,०००.०० | ०.०० | २,१७,०००.०० |
| ६ | नेपाल सरकार - शसर्त अनुदान चालु : युरोपियन युनियन - नगद अनुदान (बैदेशिक) | | ३७,००,०००.०० | ५०,०००.०० | ३६,५०,०००.०० |
| १ | २२५२९ | विविध कार्यक्रम खर्च | ३७,००,०००.०० | ५०,०००.०० | ३६,५०,०००.०० |
| ७ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | १६,००,०००.०० | ५,२८,०००.०० | १०,७२,०००.०० |
| १ | ३११५१ | सडक तथा पूल निर्माण | १६,००,०००.०० | ५,२८,०००.०० | १०,७२,०००.०० |
| ८ | नेपाल सरकार - विषेश अनुदान चालु : नेपाल सरकार - नगद अनुदान | | १,६५,००,०००.०० | ०.०० | १,६५,००,०००.०० |
| १ | २२७११ | विविध खर्च | १,६५,००,०००.०० | ०.०० | १,६५,००,०००.०० |
| ९ | नेपाल सरकार - विषेश अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | १,९०,००,०००.०० | ०.०० | १,९०,००,०००.०० |
| १ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | १,९०,००,०००.०० | ०.०० | १,९०,००,०००.०० |
| १० | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत : आन्तरिक ऋण - नगद (आन्तरिक ऋण) | | १,५२,००,०००.०० | ०.०० | १,५२,००,०००.०० |
| १ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | ६५,००,०००.०० | ०.०० | ६५,००,०००.०० |
| २ | ३११५१ | सडक तथा पूल निर्माण | ८७,००,०००.०० | ०.०० | ८७,००,०००.०० |
| ११ | गण्डकी प्रदेश - समानिकरण अनुदान : गण्डकी प्रदेश - नगद अनुदान | | १,२४,७४,०००.०० | २५,००,०००.०० | ९९,७४,०००.०० |
| १ | २२५२९ | विविध कार्यक्रम खर्च | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| २ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ६०,००,०००.०० | २५,००,०००.०० | ३५,००,०००.०० |
| ३ | २७११२ | अन्य सामाजिक सुरक्षा | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| ४ | ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ०.०० | ०.०० | ०.०० |
| ५ | ३११५१ | सडक तथा पूल निर्माण | २३,००,०००.०० | ०.०० | २३,००,०००.०० |
| ६ | ३११५४ | तटबन्ध तथा बाँधनिर्माण | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| ७ | ३११५९ | अन्य सार्वजनिक निर्माण | २८,७४,०००.०० | ०.०० | २८,७४,०००.०० |
| १२ | गण्डकी प्रदेश - विषेश अनुदान पुँजीगत : गण्डकी प्रदेश - नगद अनुदान | | ४०,००,०००.०० | ०.०० | ४०,००,०००.०० |
| १ | ३११५६ | खानेपानी संरचना निर्माण | ४०,००,०००.०० | ०.०० | ४०,००,०००.०० |
| १३ | गण्डकी प्रदेश - समपुरक अनुदान पुँजीगत : गण्डकी प्रदेश - नगद अनुदान | | ६०,००,०००.०० | ०.०० | ६०,००,०००.०० |
| १ | ३११५१ | सडक तथा पूल निर्माण | ६०,००,०००.०० | ०.०० | ६०,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | राजस्व बाँडफाँड - प्रदेश सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - प्रदेश सरकार - नगद | | १,०७,५९,०००.०० | २८,३५,३३७.०० | ७९,२३,६६३.०० |
| १ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ४,१०,०००.०० | २,७३,६००.०० | १,३६,४००.०० |
| २ | २११४१ | पदाधिकारी बैठक भत्ता | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| ३ | २२२१४ | बिमा तथा नवीकरण खर्च | १,७५,०००.०० | १,७२,९००.०० | २,१००.०० |
| ४ | २२३१२ | पशुपंक्षीहरूको आहार | २,००,०००.०० | १,९८,७००.०० | १,३००.०० |
| ५ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०,७५,०००.०० | ०.०० | १०,७५,०००.०० |
| ६ | २२४११ | सेवा र परामर्श खर्च | १,५०,०००.०० | ०.०० | १,५०,०००.०० |
| ७ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ९,५५,०००.०० | १,००,०००.०० | ८,५५,०००.०० |
| ८ | २२५२२ | कार्यक्रम खर्च | १२,००,०००.०० | २,४८,५६०.०० | ९,५१,४४०.०० |
| ९ | २२५२९ | विविध कार्यक्रम खर्च | ३४,५८,०००.०० | ९,२२,१३०.०० | २५,३५,८७०.०० |
| १० | २२७११ | विविध खर्च | २,००,०००.०० | २,००,०००.०० | ०.०० |
| ११ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| १२ | २५३१५ | अन्य सस्था सहायता | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| १३ | २७१११ | सामाजिक सुरक्षा | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| १४ | २७११२ | अन्य सामाजिक सुरक्षा | २५,०००.०० | ०.०० | २५,०००.०० |
| १५ | २७२१३ | औषधीखरिद खर्च | १४,००,०००.०० | ६,२५,१२२.०० | ७,७४,८७८.०० |
| १६ | ३११५६ | खानेपानी संरचना निर्माण | ३,११,०००.०० | ९४,३२५.०० | २,१६,६७५.०० |
| १७ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० |
| १५ | राजस्व बाँडफाँड – स्थानीय - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड – स्थानीय - नगद | | १,१०,००,०००.०० | ८०,०००.०० | १,०९,२०,०००.०० |
| १ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | १,००,०००.०० | ८०,०००.०० | २०,०००.०० |
| २ | २२५२२ | कार्यक्रम खर्च | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० |
| ३ | २५३१५ | अन्य सस्था सहायता | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| ४ | ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | ३०,००,०००.०० | ०.०० | ३०,००,०००.०० |
| ५ | ३११५१ | सडक तथा पूल निर्माण | ५५,००,०००.०० | ०.०० | ५५,००,०००.०० |
| ६ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| १६ | राजस्व बाँडफाँड - संघीय सरकार - राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - संघीय सरकार - नगद | | १०,७३,८२,४९२.०० | ६,३६,३५,२६२.१९ | ४,३७,४७,२२९.८१ |
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ३,६१,९८,०००.०० | २,५१,२४,४३३.१८ | १,१०,७३,५६६.८२ |
| २ | २११२१ | पोशाक | ५,६०,०००.०० | ३,६३,२७०.०० | १,९६,७३०.०० |
| ३ | २११३२ | महंगी भत्ता | १६,००,०००.०० | ३,४५,०००.०० | १२,५५,०००.०० |
| ४ | २११३४ | कर्मचारीको बैठक भत्ता | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| ५ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १५,००,०००.०० | २,३०,०००.०० | १२,७०,०००.०० |
| ६ | २११३९ | अन्य भत्ता | ४,५०,०००.०० | २९,७००.०० | ४,२०,३००.०० |
| ७ | २११४१ | पदाधिकारी बैठक भत्ता | २२,५०,०००.०० | १२,१२,८५०.०० | १०,३७,१५०.०० |
| ८ | २१२१४ | कर्मचारी कल्याण कोष | १८,००,०००.०० | १०,७७,०००.०० | ७,२३,०००.०० |
| ९ | २२१११ | पानी तथा बिजुली | १८,००,०००.०० | ५,९१,५९८.२५ | १२,०८,४०१.७५ |
| १० | २२११२ | संचार महसुल | ४,००,०००.०० | १,८२,६८३.०० | २,१७,३१७.०० |
| ११ | २२२११ | इन्धन (पदाधिकारी) | १०,००,०००.०० | ५,६७,५८४.०० | ४,३२,४१६.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १२,००,०००.०० | ७,१५,७४४.०० | ४,८४,२५६.०० |
| १३ | २२२१३ | सवारी साधन मर्मत खर्च | १३,००,०००.०० | ९,१५,३७१.०० | ३,८४,६२९.०० |
| १४ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ६,५०,०००.०० | २,७७,१७७.२२ | ३,७२,८२२.७८ |
| १५ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १५,००,०००.०० | ६,०९,१३४.०० | ८,९०,८६६.०० |
| १६ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २०,००,०००.०० | ३,४८,४७१.०० | १६,५१,५२९.०० |
| १७ | २२३१४ | इन्धन - अन्य प्रयोजन | १५,००,०००.०० | ४,४७,११४.०० | १०,५२,८८६.०० |
| १८ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०,००,०००.०० | ५,२८,१४०.०० | ४,७१,८६०.०० |
| १९ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | ९,००,०००.०० | ३,६९,३७५.०० | ५,३०,६२५.०० |
| २० | २२४११ | सेवा र परामर्श खर्च | ८,००,०००.०० | ५,३९,८८०.०० | २,६०,१२०.०० |
| २१ | २२४१३ | करार सेवा शुल्क | २,५०,००,०००.०० | १,९२,८२,७७६.०४ | ५७,१७,२२३.९६ |
| २२ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ५,५०,०००.०० | ६५,९७५.०० | ४,८४,०२५.०० |
| २३ | २२५२२ | कार्यक्रम खर्च | ४६,२५,०००.०० | २०,६८,३४५.५० | २५,५६,६५४.५० |
| २४ | २२५२९ | विविध कार्यक्रम खर्च | १४,५०,०००.०० | ७,९८,८००.०० | ६,५१,२००.०० |
| २५ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १,००,०००.०० | ९०,०५०.०० | ९,९५०.०० |
| २६ | २२६१२ | भ्रमण खर्च | १५,००,०००.०० | १२,०३,६९७.०० | २,९६,३०३.०० |
| २७ | २२७११ | विविध खर्च | २५,६८,४९२.०० | १२,५५,३१२.०० | १३,१३,१८०.०० |
| २८ | २२७२१ | सभा सञ्चालन खर्च | ४,००,०००.०० | १,१३,४०४.०० | २,८६,५९६.०० |
| २९ | २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| ३० | २५३१३ | उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| ३१ | २७२१३ | औषधीखरिद खर्च | ५,५०,०००.०० | ०.०० | ५,५०,०००.०० |
| ३२ | २७२१९ | अन्य सामाजिक सहायता | १७,००,०००.०० | ११,७४,०००.०० | ५,२६,०००.०० |
| ३३ | २८१४२ | घरभाडा | ३,००,०००.०० | २,१६,०००.०० | ८४,०००.०० |
| ३४ | २८१४९ | अन्य भाडा | ९,००,०००.०० | ७,२७,५००.०० | १,७२,५००.०० |
| ३५ | ३११२१ | सवारी साधन | १६,००,०००.०० | ०.०० | १६,००,०००.०० |
| ३६ | ३११२२ | मेशिनरी तथा औजार | १८,००,०००.०० | ०.०० | १८,००,०००.०० |
| ३७ | ३११२३ | फर्निचर तथा फिक्चर्स | १३,००,०००.०० | ९,८४,८७९.०० | ३,१५,१२१.०० |
| ३८ | ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १०,००,०००.०० | १,९४,९९९.०० | ८,०५,००१.०० |
| ३९ | ३११३५ | पूँजीगत परामर्श खर्च | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० |
| ४० | ३११५१ | सडक तथा पूल निर्माण | १३,००,०००.०० | ४,८५,०००.०० | ८,१५,०००.०० |
| ४१ | ३११५८ | सरसफाई संरचना निर्माण | ९०,०००.०० | ०.०० | ९०,०००.०० |
| ४२ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ७,९१,०००.०० | ०.०० | ७,९१,०००.०० |
| ४३ | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | २,००,०००.०० | ०.०० | २,००,०००.०० |
| ४४ | ३१४११ | जग्गाप्राप्ति खर्च | २,५०,०००.०० | ०.०० | २,५०,०००.०० |
| १७ | आन्तरिक श्रोत - आन्तरिक श्रोत : आन्तरिक श्रोत - नगद | | २,७८,१५,५०८.०० | १,३०,३९,८६६.३४ | १,४७,७५,६४१.६६ |
| १ | २१११११ | पारिश्रमिक कर्मचारी | ४०,००,०००.०० | ३८,९१,५५९.३४ | १,०८,४४०.६६ |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ७२,५०,०००.०० | ५५,४३,०००.०० | १७,०७,०००.०० |
| ३ | २११३९ | अन्य भत्ता | २,५०,०००.०० | ६२,८००.०० | १,८७,२००.०० |
| ४ | २११४१ | पदाधिकारी बैठक भत्ता | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० |
| ५ | २१२१४ | कर्मचारी कल्याण कोष | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| ६ | २२४११ | सेवा र परामर्श खर्च | ३,५०,०००.०० | ०.०० | ३,५०,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ७,००,०००.०० | १,७८,३५०.०० | ५,२१,६५०.०० |
| ८ | २२५२२ | कार्यक्रम खर्च | ९,८०,०००.०० | ३,२२,२७०.०० | ६,५७,७३०.०० |
| ९ | २२५२९ | विविध कार्यक्रम खर्च | ६०,९०,०००.०० | १२,१२,२६१.०० | ४८,७७,७३९.०० |
| १० | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १२,००,०००.०० | २,१६,२००.०० | ९,८३,८००.०० |
| ११ | २२७११ | विविध खर्च | १३,२६,५०८.०० | ८,००,८४७.०० | ५,२५,६६१.०० |
| १२ | २७१११ | सामाजिक सुरक्षा | ७०,०००.०० | ०.०० | ७०,०००.०० |
| १३ | २७११२ | अन्य सामाजिक सुरक्षा | १०,००,०००.०० | ०.०० | १०,००,०००.०० |
| १४ | २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० |
| १५ | २७२१३ | औषधीखरिद खर्च | १,५०,०००.०० | ५७,२००.०० | ९२,८००.०० |
| १६ | २८१४९ | अन्य भाडा | ४,००,०००.०० | ०.०० | ४,००,०००.०० |
| १७ | २८२१९ | अन्य फिर्ता | ६,५१,०००.०० | ०.०० | ६,५१,०००.०० |
| १८ | ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,००,०००.०० | ०.०० | १,००,०००.०० |
| १९ | ३११५१ | सडक तथा पूल निर्माण | ८,००,०००.०० | ७,५५,३७९.०० | ४४,६२१.०० |
| २० | ३११५८ | सरसफाई संरचना निर्माण | ९५,०००.०० | ०.०० | ९५,०००.०० |
| २१ | ३११५९ | अन्य सार्वजनिक निर्माण | १२,०३,०००.०० | ०.०० | १२,०३,०००.०० |
| १८ | जन सहभागिता - आन्तरिक श्रोत : जन सहभागिता - नगद | | ६,०६,४८०.०० | ५,०९,५५०.०० | ९६,९३०.०० |
| १ | २२५२९ | विविध कार्यक्रम खर्च | ४,०७,७८०.०० | ३,१०,८५०.०० | ९६,९३०.०० |
| २ | २७२१३ | औषधीखरिद खर्च | १,९८,७००.०० | १,९८,७००.०० | ०.०० |
| कुल जम्मा | | | ५५,४८,१७,४८०.०० | २५,९८,३७,२२५.३५ | २९,४९,८०,२५४.६५ |

## १५. २०८२ चैत्र मसान्तसम्मको खर्चको प्रगति विवरणः

| सि.नं. | बजेट प्रकार | कूल बजेट रु. | चैत्र मसान्तसम्मको खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | चालू | ३८३३५३४८० | २३४११४२४७ | ६१.०७ |
| २ | पुंजीगत | १७१४६४००० | २५७२२९७८ | १५.०० |
| जम्मा | | ५५४८१७४८० | २५९८३७२२५ | ४६.८३ |

## १६. तोकिए बमोजिमका अन्य विवरणः

तोकिए बमोजिमका अन्य विवरण प्रचलित कानून र हुप्सेकोट गाउँपालिकाले तोके बमोजिम हुने।

**१७. सार्वजनिक निकायको वेबसाइटः**

हुप्सेकोट गाउँपालिकाको वेबसाइट www.hupsekotmun.gov.np रहेको छ ।

**१८. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी विवरणः**

नभएको

**१९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरणः**

- कार्यालयको वेबसाइट www.hupsekotmun.gov.np
- कार्यालयको त्रैमासिक, वार्षिक प्रगति प्रतिवेदनहरु
- कार्यालयको Facebook page

हुप्सेकोट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

झ्यालबास, नवलपरासी ९वर्दघाट सुस्ता पूर्व०

फोनः- ०७८-५९०७०१, ५९०७०२

वेबसाइटः www.hupsekotmun.gov.np

इमेलः hupsekotrmun@gmail.com, info@hupsekotmun.gov.np